# जानकी गाउँपालिका


# स्थानीय राजपत्र

खण्डः १ संख्या : ३५ प्रमाणिकरण : २०७९।०६।१३

प्रकाशन : २०७९।०८।१८


भाग-२

## जानकी गाउँपालिका शिक्षक दरवन्दी मिलान,पुनर्वितरण तथा व्यवस्थापन कार्यविधि, २०७९

### प्रस्तावना

विद्यालय शिक्षक दरवन्दी मिलान,पुनर्वितरण र व्यवस्थापनको लागि नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७६।०५।०४ गतेको निर्णयअनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाईसो को कार्यान्वयनको लागि जिम्मेवारी दिएको हुनाले मन्त्रालयले तयार पारेको शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७६(स्वीकृत मिति २०७६।१०।१२ गते),दरवन्दी मिलान सहजीकरणका लागि इ पुस्तिका २०६९, नेपालको शिक्षा ऐन २०२८ (संशोधन सहित), शिक्षा नियमावली २०५९(संशोधन सहित), जानकी गाउँपालिका शिक्षा ऐन पहिलो स्रशोधन २०७८ तथा जानकी गाउँपालिका.शिक्षा नियमावली

२०७८ र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको दरवन्दी मिलान तथा पुनर्वितरण सम्वन्धी प्राप्त परिपत्रको आधारमा यस गाउँ.पालिकाको विद्यालयको शैक्षिक सत्र २०७९ को विद्यालयको शैक्षिक तथ्यांक EMIS को सत्यापनलाई मूल आधार मानी मौजुदा शिक्षक विद्यार्थी अनुपात, तहगत,विषयगत शिक्षक विद्यार्थी संख्या,शून्य दरवन्दी भएका वा न्युनतम दरवन्दी समेत नभएका विद्यालयको अवस्था विश्लेषण गरीशिक्षक दरवन्दी मिलान,पुनर्वितरण तथा व्यवस्थापनका लागि जानकी गाउँपालिका शिक्षक दरवन्दी मिलान,पुनर्वितरण तथा व्यवस्थापन कार्यविधि,२०७९ निर्माण गर्न वाञ्छनीय भएकोले**,**

**पच्छिेद १**

**<u>प्रारम्भिक</u>**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नामः जानकी गाउँपालिका शिक्षक दरवन्दी मिलान,पुनर्वितरण र व्यवस्थापन कार्यविधि २०७९ रहेको छ ।

(२)यो कार्यविधि जानकी गाउँपालिका, गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) **इकाइ** भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ ।

ख) **ऐन** भन्नाले शिक्षा ऐन २०२८सम्झनुपर्छ ।

ग) **केन्द्र** भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनुपर्छ ।

घ) **गाउँपालिका** भन्नाले जानकीगाउँपालिका सम्झनु पर्छ ।

ङ) **नियमावली** भन्नाले शिक्षा नियमावली २०५९ सम्झनु पर्छ ।

च) **मन्त्रालय** भन्नाले शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

छ) **दरवन्दी** भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरवन्दीका साथै महिला शिक्षा परियोजनाको शिक्षक दरवन्दी तथा राहत अनुदान समेतलाई जनाउँछ ।

ज) **प्रधानाध्यापक** भन्नाले विद्यालयको प्रशासनिक र प्राज्ञिक कार्य गर्न तोकिएकोब्यक्ति सम्झनु पर्छ ।

झ) **विद्यालय** भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति लिई संचालनमा रहेको सामुदायिक विद्यालय सम्झनु पर्छ ।

ञ) **शाखा प्रमुख** भन्नाले शिक्षा, युवा तथा खेलकूद शाखा अधिकृतलाई सम्झनु पर्छ ।

ट) **स्थानीय तह** भन्नाले गाउँपालिका, नगरपालिका,उपमहानगर पालिका तथा महानगर पालिका सम्झनु पर्छ ।

ठ) **पूर्वप्राथमिक शिक्षा** भन्नाले ४ वर्ष उमेर समूहको बालबालिकाको लागि दिइने शिक्षा सम्झनु पर्छ ।

ड) **शिक्षक** भन्नाले सामुदायिक विद्यालयमा स्वीकृत दरवन्दी र राहत कोटामा कार्यरत रहेका व्यक्तिहरु सम्झनु पर्छ ।

ढ) **कर्मचारी** भन्नाले विद्यालयको दैनिक प्रशासनिक कार्यमा सहयोग पुर्याउने विद्यालय कर्मचारी सम्झनु पर्छ ।

ण) **मदरसा विद्यालय** भन्नाले नेपाल सरकारको तोकिएको पाठ्यक्र भित्र रही मुस्लिम समुदायले धार्मिक परम्परा अनुसार संचालन गरेको विद्यालयलाई सम्झनु पर्छ ।

त) **स्थानीय शिक्षा ऐन** भन्नाले जानकी  गाउँ पालिकाको शिक्षा ऐन  २०७८ पहिलो संशोधन सम्झनु पर्छ ।

थ) **स्थानीय शिक्षा नियमावली** भन्नाले जानकी गाउँ पालिकाको शिक्षा नियमावली २०७८ सम्झनु पर्छ ।

द) **शिक्षा समिति** भन्नाले जानकी गाउँपालिकाकोविद्यालय शिक्षाको योजना, नीतिनियम निर्माण गरी व्यवस्थित गर्न गठित समिति सम्झनु पर्छ ।

ध) **पूर्वप्राथमिक शिक्षक** भन्नाले पूर्वप्राथमिक कक्षा र बालविकास कक्षामा सहजीकरण गर्ने शिक्षक सम्झनु पर्छ ।

न) प्राथमिक तह भन्नाले कक्षा १ देखि ५ सम्म वा प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म सञ्चालन भएको विद्यालय सम्झनुपर्छ।

प) निम्न माध्यमिक तह भन्नाले कक्षा ६ देखि ८ वा कक्षा १ देखि ८ सम्म सञ्चालन रहेको विद्यालय सम्झनुपर्छ।

फ) माध्यमिक तह भन्नाले कक्षा ९- १२  सम्म सञ्चालन भएको बिद्यालय सम्झनुपर्दछ। सो शब्दले कक्षा ९-१० वा कक्षा १ देखि १० सम्म सञ्चालन रहेको विद्यालय समेत बुझाउँछ।

ब) इकाइ **प्रमुख** भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख सम्झनु पर्छ ।

भ) **संयोजक** भन्नाले जानकी गाउँपालिकाको गाउँ शिक्षा समितिको संयोजक सम्झनु पर्छ।

म) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले जानकी गाउँपालिका, गाउँकार्यपालिकाको दैनिक प्रशासनिक कार्य गर्ने अधिकारीलाई सम्झनु पर्छ ।

य) **अध्यक्ष** भन्नाले जानकी गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

र) **कार्यदल** भन्नालेजानकीा गाउँपालिकाको शिक्षक दरबन्दी मिलान,पूनर्वितरण तथा व्यस्थापन कार्यविधि २०७९ को नियम १८ बमोजिम गठन भएको कार्यदललाई सम्झनुपर्छ ।

ल) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

## परिच्छेद २

## शिक्षक दरवन्दी मिलान सम्वन्धी व्यवस्था

३. यस गा.पा.को विद्यालयको शैक्षिक सत्र २०७९भाद्र २१ गतेसम्मको विद्यालयको शैक्षिक तथ्यांक Flash-II वा EMIS सत्यापनको मौजुदा शिक्षक विद्यार्थी अनुपात, तहगत, विषयगत शिक्षक विद्यार्थी

संख्या,शून्य दरवन्दी भएका वा न्युनतम दरवन्दी समेत नभएका विद्यालयको अवस्था विश्लेषण गरी शिक्षक दरवन्दी मिलान,पुनर्वितरण तथा व्यवस्थापनका आधारहरु तय गर्ने ।

**४. बालविकास कक्षा संचालन भएको विद्यालयको सम्बन्धमा**

क) बालविकास कक्षाको हकमा विद्यार्थी संख्या २० जनासम्म भएमा एक शिक्षक कायम गर्ने ।

ख) शिक्षक विद्यार्थी अनुपात१:२० को आधारमा कम विद्यार्थी संख्या भएको बालविकास केन्द्रबाट बढी विद्यार्थी संख्या भएको विद्यालयमा स्थानान्तरण गर्ने । तर समुदायमा सञ्चालित वालविकास केन्द्रको हकमा भवन संख्या जीर्ण, विद्यार्थी संख्या न्युन एवं एक वालविकास केन्द्र वा एक विद्यालयबाट अर्को वालविकास केन्द्र वा विद्यालयको दुरी १५ मिनेट भन्दा कम दुरीमा रहेका केन्द्रलाई नजिकैको मातृ विद्यालयमा वा सो सम्भव नभएमा खटाएको जुनसुकै सामुदायिक विद्यालय वा राहत दरबन्दी प्राप्त मदरसाहरुमा स्थान्तरण गर्ने।

**५. कक्षा (१–३ ) संचालन भएको सामुदायिक विद्यालय वा मदसरा विद्यालयको सम्वन्धमा**

क) विद्यार्थी संख्या जतिसुकै न्युन भएपनि न्युनतम २ ओटा दरवन्दी कायम गर्ने ।

ख) १०० जना वा सो भन्दा बढी विद्यार्थी रहेको विद्यालयमा शिक्षक विद्यार्थी अनुपात ५० मानी दरवन्दी थप गर्ने ।

ग) एकमुष्ट अनुदान राहत अनुदान प्राप्त मदरसाहरुमा शिक्षक विद्यार्थी अनुपातमा थप गा. पा. बाट बेहोर्ने गरि १०० भन्दा बढी विद्यार्थी संख्या भएमा कम्तिमा २ अनुदान वा स्वयमसेवक शिक्षक कोटा कायम गर्ने तर कक्षा ५ सम्म सञ्चालित मदरसामा कम्तिमा ३ अनुदान शिक्षक कायम गरि पठनपाठन सहजीकरण गृर्ने।

**६.शुद्ध प्राथमिक विद्यालय (कक्षा१–५) संचालन भएको विद्यालयको सम्बन्धमा**

क)शुद्ध प्रा.वि (कक्षा १–५) को हकमाजतिजना विद्यार्थी भएमा न्युनतम ३ शिक्षक दरवन्दी कायम गर्ने ।

ख) यदि १५० जना भन्दा बढी विद्यार्थी संख्या भएमा तोकिएको ५० शिक्षक विद्यार्थी अनुपातको आधारमा थप दरवन्दी कायम गर्ने। साथैसो भन्दा बढी हुने शिक्षकका हकमा कार्यपालिकाको निर्णयअनुसार शिक्षकहरुलाई एक विद्यालय बाट अर्को विद्यालयमा स्थानान्तरण तथा सरुवा गर्न सकिनेछ।

**७.आधारभूत तह (कक्षा १–८) संचालन भएको विद्यालयको सम्बन्धमा,**

क) आधारभूत तह (कक्षा १–८) संचालन भएको विद्यालयमा जतिसुकै विद्यार्थी संख्या रहेपनि ७ दरवन्दी कायम गर्ने ।

तर २४० वा सो भन्दा बढी विद्यार्थी संख्या भइ मौजुदा शिक्षक दरवन्दी प्रावि र निमावि गरी जम्मा ८ ओटासम्म दरवन्दी भए सोही कायम गर्ने ।

ग) २४० जना भन्दा बढी विद्यार्थी संख्या भए शिक्षक विद्यार्थी अनुपात ५० को आधारमा दरवन्दी कायम गर्ने ।

घ)नि.मा तह,कक्षा(६–८) मा शून्य दरवन्दी वा दरवन्दी अपुग भएको र प्रा.वि.तहमा तोकिएको विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या बढी भएमा प्रा.वि.तहको बढी भएको शिक्षक दरवन्दीबाट पूर्ति गर्ने र त्यसपछि पनि फाजिल देखिने दरवन्दीलाई मात्र पुलमा राख्ने ।

**८.माध्यमिक तह (कक्षा १–१०) संचालन भएको विद्यालयको सम्बन्धमा,**

क) मा.वि.(कक्षा १–१०)संचालन भएको विद्यालयको हकमा शिक्षक विद्यार्थी अनुपात क्रमशः आ.वि.(१–८) र मा.वि.(९–१०) गणना गर्ने ।

ख) दफा ६(क) अनुसार दरवन्दी गणना गर्दा माध्यमिक तहमा शून्य दरवन्दी भएको वा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरवन्दी नपुग भएको वा न्युनतम शिक्षक दरवन्दी नभएको रहेछ भने बढी दरवन्दी भएको विद्यालयबाट दरबन्दी स्थानान्तरण गर्ने।

ग) माध्यमिक तह (कक्षा ९–१०) मा जतिसुकै न्युन विद्यार्थी संख्या भएपनि विषयगतरुपमा न्युनतम दरवन्दी ५ कायम गर्ने ।

घ) विद्यालयमा सोही तहको दरबन्दी उपलब्ध नभएमा हाल तल्लो तहमा रहेको दरबन्दीलाई नियमावली अनुसार एकमुष्ट गणना गरि न्युनतम दरबन्दी सुनिश्चित गर्ने। ।यसरी सुनिश्चित गर्दा अपुग हुने देखिएमा गा.पा अनुदान वा शिक्षण सिकाई अनुदान कोटाबाट पूर्ति गर्ने।

## परिच्छेद ३

## पुलमा रहेको शिक्षक दरवन्दी व्यवस्थापन

**९.पुलदरवन्दी सम्बन्धी व्यवस्था :**प्रचलित शिक्षा नियमावली २०५९ मा तोकिए अनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा कुनै पनि विद्यालयमा तहगत, विषयगत रुपमा शिक्षक दरवन्दी गणना गर्दा बढी हुन आउने शिक्षक दरवन्दीलाई पुल दरवन्दीको रुपमा राख्नुपर्नेछ।विद्यालयमा बढि भएको दरबन्दीलाई स्थानिय तहले पूलमा राखी कम दरबन्दी भएको विद्यालयमा मिलान तथा पुनर्वितरण गर्ने। ।

**१०.खुद पुल दरवन्दी सम्बन्धी व्यवस्था :** माथिल्लो तहमा दरवन्दी अपुग भएको विद्यालयमा दफा १० बमोजिमको पुल दरवन्दी भए सबै तहको शिक्षक दरवन्दी एकमुष्ट गणना गरी न्युनतम दरवन्दी सुनिश्चित गर्ने र उप्रान्त बाँकी रहने दरवन्दीलाई खुद पुल दरवन्दीमा राख्ने ।

**११.पुल/खुद पुल दरवन्दी अन्यत्र पठाउने :** स्थानीय तहले आफ्नो तहको लागि एकिन भएको दरवन्दी आफ्नो क्षेत्रको एक विद्यालयबाट अर्को विद्यालयमा मिलान गर्नु पर्नेछ । त्यसरी मिलान गर्दा अपांगता भएका र महिला शिक्षकलाई सम्भव भएसम्म पायक पर्ने गरी मिलान गर्नु पर्नेछ ।

## परिच्छेद ४

## <u>शिक्षक व्यवस्थापन</u>

१२. **शिक्षक व्यवस्थापनका आधारहरुः**

दफा १२ बमाजिम पुल/खुद पुलमा रहेको दरवन्दी सम्बन्धित निकायले पुनर्वितरण गर्दा देहायको प्राथमिकताको आधारमा शिक्षकको स्थानान्तरण र पदास्थापनागर्नु पर्नेछ ।

क) खुद पुल दरवन्दी स्थानान्तरण गर्दा सर्वप्रथम रिक्त दरवन्दीलाई र त्यसपछि क्रमश राहत, अस्थायी दरबन्दि र स्थायी शिक्षकका पदमा स्थानान्तरण गर्ने ।

ख)खुद पुल शिक्षक दरवन्दी भएको विद्यालयको शिक्षकलाई स्थानान्तरण गर्नको लागि सो विद्यालयमा सम्बन्धित तहमा कार्यरत शिक्षकहरुबाट स्वेच्छिक आवेदन माग गर्ने र सोही शिक्षकलाई स्थानान्तरण गर्ने तर एक भन्दा बढी शिक्षकको आवेदन परेमा महिला शिक्षकलाई प्राथमिकता दिई बाँकी दरबन्दीको हकमा शिक्षकको नियुक्ति मितिको जेष्ठताको आधारस्थानान्तरण गर्ने,

ग) सकेसम्म महिला र अपांगता भएका शिक्षकलाई घरपायक पर्नेगरी स्थानान्तरण गर्ने ।

घ) कनिष्ठताको गणना गर्दा स्थायी शिक्षक बाहेक अन्य किसिमको शिक्षकको लागि शुरुको नियुक्ति मितिलाई आधार मान्ने र कनिष्ठ शिक्षकलाई पहिला स्थानान्तरण गर्ने ।

## परिच्छेद ५

## <u>दरवन्दी मिलान, पुनर्वितरण तथा शिक्षक व्यवस्थापन सम्बन्धी थप व्यवस्था</u>

१३.पति पत्नी एउटै विद्यालयमा कार्यरत भए सम्भव भएसम्म स्थानान्तरण गर्दा अलग अलग विद्यालयमा स्थानान्तरण नगर्ने ।

१४.पुल दरवन्दी रहेको विद्यालयको सम्बन्धित तहको शिक्षकको अनिवार्य अवकाश हुने उमेर यदि एक वर्षभन्दा कम रहेको छ भने निज शिक्षक अवकाश भएपछि स्वतः तोकिएको विद्यालयमा दरवन्दी स्थानान्तरण हुने गरी पुलमा राख्ने,

१५.दरवन्दी मिलानको अवधिमा रिक्त दरवन्दीमा सरुवा एवं पदास्थापन र नियुक्ति प्रक्रिया बन्द गर्ने, जिल्लाअन्तर सरुवा भइ आउनजान सहमति दिने कार्य हाललाई बन्द गर्ने ।र वि. स.२०७९ साल चैत्र मसान्तसम्म अनिवार्य अवकास लिई रिक्त हुन आउने दरबन्दी हाललाई अनेत्र स्थानान्तरण नगरी सोही विद्यालयमा कायम राख्ने।

१६. शिक्षक विद्यार्थी अनुपातको आधारमा दरवन्दी पुनर्वितरण गर्दा थप हुनुपर्ने विद्यालयमा थप गर्ने र बाँकी रहेमा राहत अनुदान पाई सञ्चालनमा रहेका मदरसा विद्यालयमा समेत दरवन्दी वितरण गर्ने,

१७.शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक दरवन्दी गणना गर्दा तहगत रुपमा अपुग शिक्षक दरवन्दी माग गर्नको लागि शिक्षा विकास तथा समन्वय इकाइ र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा लेखी पठाउने ।

**परिच्छेद ६**

**दरवन्दी मिलान र शिक्षक व्यवस्थापनमा विभिन्न निकायहरुको भूमिका**

**१८. स्थानीय तहको भूमिकाः** दरवन्दी मिलान,पुनर्वितरण तथा शिक्षक व्यवस्थापनमा स्थानीय तहको भूमिका देहाय वमोजिम हुने छ :—

क) मन्त्रालय र प्रदेश मन्त्रालयले गरेको दरवन्दी मिलानको काममा सहयोग र सहजीकरण गर्ने ।

ख) स्थानीय तह भित्र रहेका शिक्षक दरवन्दीलाई ऐन तथा नियमावलीमा भएको व्यवस्था वमोजिम प्राथमिक तहमा विद्यार्थीसंख्याको आधारमा र अन्य तहमा विषगगत आधारमा पुनर्वितरण गर्ने ।

ग) केन्द्रबाट वितरित दरवन्दीअपुग भएमा अर्को व्यवस्था नभएसम्मका लागि आफ्नै स्रोतबाट शिक्षकको व्यवस्था मिलाउने ।

घ)इकाइसँग समन्वय गरी रिक्त दरवन्दी,करार,राहत र दरवन्दीका शिक्षकको विवरण उपलब्ध गराउने ।

ङ) स्थानान्तरण भइ जाने शिक्षकलाई यथाशक्य छिटो रमाना दिइ पठाउने वा रमाना लिइ आउने शिक्षकलाई तोकिएको विद्यालयमा हाजिरीको लागि सहजीकरण गर्ने ।

च) दरवन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि इकाइ,स्थानीय तह तथा प्रदेश वीच आपसी सहयोग र समन्वय गर्ने ।

छ) केन्द्र,प्रदेश तथा इकाइले दरवन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि अनुरोध गरी आएका विषयवस्तुहरुमा सहयोग र सहजीकरण गर्ने ।

**१९. पेशागत हकहितका लागि गठित  शिक्षक संघसंगठनका घटकहरु र शिक्षक महासंघको भूमिका**

क) स्थानीय शिक्षक महासंघको अध्यक्ष शिक्षा समितिमा रहने भएकोले दरवन्दी मिलान तथा  शिक्षक व्यवस्थापनको लागि पेशागत घटकहरु, शिक्षकहरु, विद्यालय र स्थानीय तहवीच समन्वय र सहकार्य गर्ने ।

ख) शिक्षकको पेशागत घटकहरुले शिक्षक महासंघलाई आवश्यक सुझाव सल्लाह दिने र स्थानीय तहको दरवन्दी मिलान सम्बन्धी कार्यमा सहयोग र सहजीकरण गर्ने ।

**परिच्छेद७**

**दरबन्दि मिलान कार्यदलको गठन**

**२०.दरबन्दि मिलान कार्य गर्नका लागि दरबन्दि मिलानर्वितरण तथा व्यस्थापन कार्यदलको गठन गर्न सकिने छ ।दरबन्दि मिलान समितिका पदाधीकारीहरु देहाय बमोजिम रहनेछन्**

क.गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत — संयोजक

ख.नेपाल शिक्षक महासंघ गा.पा.अध्यक्ष — सदस्य

ग.गा.पा.अध्यक्षबाट मनोनित पालिका भित्रका सामुदायिक मा.वि.प्र.अ.२ जना — सदस्य

घ.पालिका क्षेत्रका सामुदायिक आ.वि.का प्र.अ. – सदस्य
ङ.गा.पा.अध्यक्ष्यबाट मनोनित एक महिला सदस्य सहित ३ जना कार्यपालिका सदस्य – सदस्य
च.शिक्षा शाखा प्रमुख – सदस्य सचिव

**परिच्छेद ८**

**विविध**

**२१.दरवन्दी मिलान,पुनर्वितरण र पदास्थापन गर्ने समयावधि :**

क) केन्द्र, प्रदेश र इकाइको नीति निर्देशन र परिपत्र एवं गाउँकार्यापालिकाको निर्णयानुसार दरवन्दी मिलान को कार्य शैक्षिक सत्र शुरु हुनु अगावै वा शैक्षिक सत्र शुरु भएको अवधिमा आश्यकता अनुसार गर्न सकिने छ ।

ख) दरवन्दी मिलान,पुनर्वितरण तथा व्यस्थापन कार्यदल को सिफारिसमा गाउँकार्यपालिकाको निर्णयअनुसार दरवन्दी मिलान,पुनर्वितरण तथा व्यस्थापन गरिनेछ ।

**२२. शिक्षक स्थानान्तरण भएको स्थानमा जानुपर्ने :** यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानूनले तोकेको समयभित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनु पर्नेछ । तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकलाई सम्वन्धित विद्यालयले हाजिर गराउन वाध्य हुने छैन ।

**२३. विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्ने:** दरवन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भइ आएका शिक्षकलाई विद्यालयलेअनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ । हाजिर नगराएमा उक्त दरवन्दी काटी शिक्षक अन्यत्र विद्यालयमा पठाइने छ ।

**२४.प्रधानाध्यापक जिम्मेवार हुने :** यस कार्यविधि बमोजिम दरवन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको कार्यबाट स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

**२५. सहयोग लिने :** स्थानीय तहले शिक्षक दरवन्दी पुनर्वितरण तथा व्यवस्थापन गर्दा आइ पर्ने समस्या समाधानका लागि इकाइको सहयोग लिन सक्नेछ ।

**२६.समन्वय र सहजीकरण गर्ने :**दरवन्दी मिलान,पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको सन्दर्भमा आफ्नो विद्यालयबाट दरवन्दी कट्टा हुने अवस्था भएमा वा आफ्नो विद्यालयमा शिक्षक स्थानान्तरण भई आएमा उक्त कार्यका लागि सम्बन्धित विद्यालयले समन्वय र सहजीकरण गर्नुपर्ने छ ।

**२७. आवधिक दरवन्दी मिलान सम्वन्धी व्यवस्था** : जनसांख्यिक संरचना परिवर्तन भएको कारण स्वीकृत मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात घटबढ हुनगई दरवन्दी मिलान गर्नुपर्ने आवश्यक देखिएमा आवश्यकता अनुसार दरवन्दी मिलान, पुर्वितरण तथा शिक्षक व्यवस्थापन गरिने छ । यो कार्य शैक्षिक सत्र हुनु अगावैवा शैक्षिक सत्र सुरु भएकै अवधिमा आवश्यकताअनुसार मिलान कार्यसम्पन्न गर्नु पर्नेछ ।

**२८. समन्वय तथा सहयोग गर्नु पर्ने : ने**पाल शिक्षक महासंघ तथा शिक्षक पेशागत संघ संगठनहरुले शिक्षक दरवन्दी, पुनर्वितरण तथा शिक्षक व्यवस्थापन कार्यमा आवश्यक समन्वय र सहयोग गर्नु पर्नेछ ।

**२९. बाझिएमा अमान्य हुने :** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

उल्लेखित आधारहरु बमोजिम यस गा.पा.को शिक्षक दरवन्दी मिलान, पुनर्वितरण, व्यवस्थापन, स्थानान्तरण तथा पदस्थापनाको लागि यस कार्यदलले निम्नानुसार गर्न गराउनु हुन सिफारीस गर्दछ।

१. दरवन्दी काटिने र थपिने विद्यालय, तह र शिक्षक संख्याको विवरण

| क.सं. | पुल दरवन्दी रहेको विद्यालयको नाम ठेगाना | दरवन्दी | | कैफियत | दरवन्दी थपिने विद्यालयको नाम ठेगाना | थप हुने दरवन्दी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | तह | सं. | | | तह | सं. | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

२.तहगत शिक्षक विद्यार्थी अनुपातको आधारमा माग गर्नुपर्ने आवश्यक दरवन्दी विवरण

**क) प्राथमिक तह कक्षा १–५**

| क.सं. | विद्यालयको नाम | वि.सं. | मौजुदा शिक्षक | थप्नु पर्ने | हुनुपर्ने कूल दरवन्दी | पुल दरवन्दी |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |
| १५ | | | | | | |
| १६ | | | | | | |
| १७ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | | | | | | |
| १९ | | | | | | |
| २० | | | | | | |
| २१ | | | | | | |

### ख) निम्न माध्यमिक तह कक्षा (६–८)

| क.सं. | विद्यालयको नाम | विद्यार्थी सं. | मौजुदा दरवन्दी | थप्नु पर्ने दरवन्दी | हुनुपर्ने कूल दरवन्दी | पुल दरवन्दी |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

### घ) माध्यमिक तह कक्षा ११–१२

| क.सं. | विद्यालयको नाम | विद्यार्थी सं. | मौजुदा दरवन्दी | थप्नु पर्ने दरवन्दी | हुनुपर्ने कूल दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

### ग) माध्यमिक तह कक्षा ९–१०

| क.सं. | विद्यालयको नाम | विद्यार्थी सं. | मौजुदा दरवन्दी | थप्नु पर्ने दरवन्दी | हुनुपर्ने कूल दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

जानकी गाउँपालिका अन्तर्गत संचालित मदरसाहरुको विवरण

| क्र.सं. | मदरसाको नाम | वि.सं. | शि.सं | थप्नुपर्ने | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |
| ११. | | | | | | |
| १२. | | | | | | |
| १३. | | | | | | |
| १४. | | | | | | |

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत